# काँडा गाउँपालिकाको राजपत्र

## काँडा गाउँकार्यपालिको कार्यालय द्धारा प्रकाशित

## भाग  २  अंक ५ २०७४ असौज ६ गते

## काँडा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक

प्रस्तावना:

काँडा गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनगर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलनगर्ने, छुट दिने तथाआय संकलनको प्रशासनिकव्यवस्थागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिमकाँडा गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्तनाम र प्रारम्भ** : (१) यस ऐनको नाम“आर्थिक ऐन, २०७४” रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि काँडा गाउँपालिका क्षेत्रमालागू हुनेछ।

२. **सम्पत्ति कर** :गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिमएकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूलउपर गरिनेछ।

३. **भूमि कर (मालपोत)** :गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिमभूमि कर (मालपोत) लगाइने र असूलउपर गरिनेछ।

४. **घर वहाल कर** :गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पूरै वाआंशिकतवरले वहालमादिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गावहाल कर लगाइने र असूलउपर गरिनेछ।

५.**व्यवसाय कर** :गाउँपालिका क्षेत्रभित्रव्यापार, व्यवसायवा सेवामापूँजिगतलगानी र आर्थिक कारोवारकाआधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूलउपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर** :गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलितकानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वामारिएकाजीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिककारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूलउपर गरिनेछ।

**७. सवारी साधन कर** :गाउँपालिका क्षेत्रभित्रदर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**८. विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**९. मनोरन्जन कर** :गाउँपालिका क्षेत्रभित्रहुने मनोरन्जनव्यवसाय सेवामा अनुसूचि (८) बमोजिमव्यवसाय कर लगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**१०. बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्रहुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) माउल्लेख भएअनुसार हाट बजार वापसलमा सोही अनुसूचिमाभएको व्यवस्थाअनुसार बहाल विटौरी शुल्कलगाइने र असूलउपर गरिनेछ।

**११. पार्किङ शुल्क** :गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराएबापत अनुसूचि (१०) बमोजिमपार्किङ शुल्कलगाइने र असूलउपर गरिनेछ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवावाव्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिमशुल्कलगाइने र असूलउपर गरिनेछ।

**१३. सेवाशुल्क, दस्तुर** :गाउँपालिकाले निर्माण, संचालनवाव्यवस्थापन गरेका अनुसूचि (१२) माउल्लिखित स्थानीयपूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमाव्यवस्थाभएअनुसार शुल्कलगाइने र असूलउपर गरिनेछ।

**१४. पर्यटन शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्रप्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) माउल्लिखित दरमापर्यटन शुल्कलगाइने र असूलउपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्वभएकाव्यक्तिवा संस्थाहरुलाई कुनैपनिकिसिमको कर छुट दिइनेछैन।

**१६. कर तथा संकलन सम्बन्धीकार्यविधि** : यो ऐनमाभएको व्यवस्थाअनुसार कर तथाशुल्क संकलन सम्बन्धीकार्यविधिगाउँपालिकाले तोके अनुसार हुनेछ।